# सिगास गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०　　　　संख्याः ३　　　　मितिः२०८२।१२।२७


## भाग -२

## सिगास गाउँपालिका

### शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि २०८२

**१. प्रस्तावना**

नेपाल सरकारको शिक्षा नीति २०७६ को रणनीति न. ९.२०, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता निर्देशिका २०८०, शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि २०८०, शिक्षक पेसागत विकास प्रारूप (परिमार्जित संस्करण) २०८० तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम सिगास गाउँपालिकाभित्र विद्यालयमा शिक्षाको पहुँच, गुणस्तर, समावेशिता तथा सक्षमता अभिवृद्धि गर्न शैक्षणिक स्रोत व्यक्ति (Pedagogical Resource Person, PRP) छनौट तथा परिचालन गर्न यो कार्यविधि तयार गरिएको हो।
यस कार्यविधि मार्फत विद्यालयलाई सिकाइको केन्द्रको रूपमा विकास गर्दै शिक्षकको पेसागत विकास, पेशागत उत्तरदायित्व तथा विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याइनेछ। यसले विद्यालय सुधार प्रक्रियालाई संस्थागत र दिगो बनाउने लक्ष्य लिएको छ।

**२. संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम " **शैक्षणिक स्रोत व्यक्ति (PRP) छनौट तथा परिचालन  कार्यविधि** २०८२" रहनेछ।

२. यो कार्यविधि सिगास गाउँपालिकाको कार्यपालिकाले स्वीकृत  गरेको मिति बाट लागू हुनेछ ।

३. कार्यविधि भन्नाले **'शैक्षणिक स्रोत व्यक्ति (PRP) छनौट तथा परिचालन  कार्यविधि २०८२'** बुझिनेछ ।

४. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः "शैक्षणिक श्रोत व्यक्ति (PRP)" भन्नाले शिक्षकको कक्षा अवलोकन गरी विद्यालयमा  समवेशी तथा  गुणस्तरीय शिक्षा प्रवर्द्धन  गर्न शिक्षकलाई पेशागत सहयोग गर्ने व्यक्ति भन्ने बुझिनेछ ।

५. "पालिका" भन्नाले सिगास  गाउँपालिका बुझिनेछ ।

६. कार्यपालिका भन्नाले सिगास गाउँपालिका गाउँकार्यपालिका बुझिनेछ ।

७. "विद्यालय" भन्नाले सिगास गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालय बुझिनेछ ।

### ३. शैक्षणिक स्रोत व्यक्ति परिचालनको लक्ष्य तथा उद्देश्य

सिगास गाउँपालिकाभित्रका विद्यालयहरूमा गुणस्तरीय, समावेशी र प्रभावकारी शिक्षण—सिकाइ प्रक्रिया प्रवर्द्धन गर्न शिक्षकहरूलाई नियमित पेसागत सहयोग प्रदान गर्न  यो कार्यविधिको प्रमुख लक्ष्य हो । यसले  विद्यालयको शैक्षिक अवस्था, सिकाइ उपलब्धि तथा व्यवस्थापकीय पक्षहरुको  निरन्तर अनुगमन र मूल्याङ्कन गरी सुधारका उपाय अवलम्बन गर्न सहयोग गर्दछ  ।

PRP परिचालनका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१. शिक्षकको पेसागत क्षमता विकासका लागि निरन्तर परामर्श, सहजीकरण तथा तालिम प्रदान गर्नु,

२. कक्षाकोठामा प्रयोग हुने शिक्षण विधि, सामग्री तथा मूल्याङ्कन प्रक्रियामा सुधार ल्याउनु,

३. अपाङ्गता, लैङ्गिकता, भाषा तथा सामाजिक पृष्ठभूमिको आधारमा समावेशी र बालमैत्री शिक्षण पद्धतिको प्रवर्द्धन गर्नु,

४. विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय अवस्थाको नियमित अनुगमन गरी सुधारका सुझाव दिनु,

५. विद्यार्थीको सिकाइ नतिजा विश्लेषण गरी आवश्यक सुधारात्मक कार्यक्रम सञ्चालनमा सहयोग गर्नु,

६. ICT तथा आधुनिक प्रविधिको प्रयोगमार्फत सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउनु,

७. शिक्षकमा पेशागत उत्प्रेरणा, उत्तरदायित्व र प्रतिबद्धता अभिवृद्धि गर्नु,

८. शिक्षकहरूलाई उनीहरूकै कक्षाकोठामा (classroom) नै आवश्यक सहयोग उपलब्ध गराउनु,

९. पालिकास्तरमा बिभिन्न विषयगत शिक्षक समूह गठन गरी शिक्षण सिकाइमा आवश्यक सहयोग अदान-प्रदान गर्नु,

१०. शिक्षण गर्दा  पाठ योजना तयार गरी बालमैत्री, समावेशी सिकाइ प्रवर्धन गर्नु

११.  सिगास गाउँपालिकाको कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्नु ।

४. **शैक्षणिक स्रोत व्यक्ति** परिचालनका अपेक्षित उपलब्धि (Expected Outputs)

४.१ शिक्षकको योजना निर्माण, शिक्षण सीप, तथा मूल्याङ्कन क्षमतामा उल्लेखनीय सुधार भएको हुनेछ ।

४.२. कक्षाकोठा व्यवस्थापन तथा विद्यार्थी सहभागितामा गुणस्तरीय वृद्धि भएको हुनेछ ।

४.३ नियमित, तथ्यपरक र विश्लेषणयुक्त अनुगमन प्रतिवेदन प्रणाली विकास भएको हुनेछ ।

४.४ विद्यार्थीको उपस्थिति, निरन्तरता तथा सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

४.५ विद्यालय सुधार योजनाको प्रभावकारी र समयमै कार्यान्वयनभएको हुनेछ ।

४.६ प्रविधिमैत्री शिक्षण सिकाईको अभ्यासको  विकास भएको हुनेछ ।

४.७ समावेशी, सुरक्षित र सम्मानजनक विद्यालय वातावरणको प्रवर्द्धनभएको हुनेछ ।

५. **शैक्षणिक स्रोत व्यक्ति** छनौट तथा परिचालन  ब्यवस्था

५.१ शैक्षणिक  स्रोत ब्यक्ति (PRP) छनौट सम्बन्धी ब्यवस्था शैक्षणिक स्रोत व्यक्ति छनौट सम्बन्धी निर्देशिका २०८२ ले तोके बमोजिम हुनेछ ।

५.२ शैक्षणिक  स्रोत ब्यक्तिका लागि न्यूनतम योग्यता (Minimum Qualification)

- शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको ।
- कम्तीमा १० वर्षको विद्यालय/क्याम्पसको  शिक्षण वा  शिक्षा कार्यक्रमसँग सम्बद्ध प्रशिक्षण अनुभव भएको ।
- शिक्षक तालिम तथा पेशागत विकास र सहयोग सम्बन्धी  कार्यक्रममा अनुभव भएको ।
- फिल्ड कार्य, विद्यालय भ्रमणमा तथा  कक्षा अवलोकनमा  रुचि र तत्परता भएको ।

- समावेशी शिक्षण सिकाइ सम्बन्धि ज्ञान तथा अनुभव भएको ।
- विद्यालय अनुगमन तथा मूल्याङ्कन कार्यमा दक्षता भएको ।
- कम्प्युटर तथा सूचना प्रविधिको राम्रो ज्ञान भएको ।
- प्रतिवेदन लेखन तथा प्रस्तुतीकरण गर्ने क्षमता भएको ।
- नेतृत्व, सहकार्य तथा सकारात्मक सोच भएको ।

**६. शैक्षणिक स्रोत व्यक्ति छनोट प्रक्रिया**

६ .१ कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।
६ .२ अनलाइन तथा प्रत्यक्ष रुपमा आवेदन संकलन गरिनेछ ।
६.३ प्रारम्भिक मूल्याङ्कन गरी छोटो सूची तयार गरिनेछ ।
६.४ निर्देशिकाले तोकेअनुसार लिखित परीक्षा सञ्चालन गरिनेछ ।
६.५ निर्देशिकाले तोकेअनुसार अन्तर्वार्ता तथा प्रस्तुतीकरणको मूल्यांकन गरिनेछ ।
६. ६ सफल उमेदवारको योग्यताक्रम अनुसार सूची प्रकाशन गरिनेछ ।
६. ७ छनोट भएका उम्मेदवारसँग करार सम्झौता गरिनेछ ।

**७. शैक्षणिक स्रोत व्यक्तिको कार्यविवरण देहाय बमोजिम हुनेछ ।**

- नियमित रुपमा मासिक योजना बनाएर कम्तीमा १० विद्यालय भ्रमण गर्ने, कक्षा अवलोकन गर्ने तथा सोका आधारमा शिक्षकलाई coaching र mentoring सहायता प्रदान गर्ने ।
- विद्यालयमा शिक्षण—सिकाई सामग्री निर्माण तथा प्रयोग मार्फत विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन प्राविधिक सहयोग गर्ने ।
- विषयगत शिक्षक सिकाइ समूहको सञ्चालन, नियमित बैठक तथा अन्तरक्रिया (Community of Practice) प्रवर्द्धनका गतिविधिहरू योजनाबद्ध रूपमा संचालन गर्ने ।
- डिजिटल सिकाइ तथा डिजिटल प्लेटफर्महरूको प्रयोगलाई स्रोत विद्यालयमार्फत प्रवर्द्धन गर्ने ।
- विद्यालयमा समावेशी मूल्य, मान्यता र संस्कृतिको विकास गर्न विद्यालय नेतृत्वको क्षमता अभिवृद्धि गर्ने ।
- विद्यालय सुधार योजना तथा स्थानीय स्तरको शिक्षा योजनामा समावेशी शिक्षा, समानता, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना समावेश गर्न प्राविधिक सहयोग प्रदान गर्ने ।

- PRP ले मासिक योजना, विद्यालय भ्रमण प्रतिवेदन, कक्षा अवलोकन नतिजा तथा सिकाइ प्रगति अभिलेखीकरण गरी समयमै प्रतिवेदन बुझाउने ।
- स्थानिय तह, विद्यालय, स्रोत विद्यालय र सरोकारवालाबीच प्रभावकारी समन्वय तथा सूचना आदान—प्रदान गर्ने ।
- पालिका भित्रका उत्कृष्ट अभ्यास भएका विद्यालयहरुबीच सिकाइ आदान—प्रदानको वातावरण निर्माण गर्ने ।
- विद्यालय सुधार योजनाको निर्माण तथा अद्यावधिक गर्न प्राविधिक सहयोग गर्नु ।
- तालिम, गोष्ठी तथा कार्यशालामा स्रोत व्यक्ति तथा सहजीकरणकर्ताको भूमिका निर्वाह गर्नु ।

**८. शैक्षणिक स्रोत व्यक्ति**को करार अवधि १ वर्षको हुनेछ र वार्षिक मूल्याङ्कनका आधारमा करार नवीकरण गरिनेछ । नवीकरण अघि वार्षिक मूल्याङ्कन अनिवार्य गरिनेछ ।

**९. शैक्षणिक स्रोत व्यक्तिको** नियमित अनुगमन, मूल्यांकन गरिनेछ, सोका लागि शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखले बार्षिक कार्य सम्पादनका मूल्यांकन गर्ने छन् । कार्यसम्पादन मूल्यांकनका लागि सूचक पालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. शैक्षणिक स्रोत ब्यक्तिको** सेवा सुविधा तथा करार सम्बन्धि ब्यवस्था स्थानीय तहको करार कानुन बमोजिम हुनेछ । सेवा सुविधा, जिम्मेवारी तथा कार्य अवधि सम्झौतामा स्पष्ट उल्लेख गरिनेछ । कार्यसम्पादन मूल्याङ्कनका आधारमा करार नवीकरण गरिनेछ ।**शैक्षणिक स्रोत ब्यक्तिको** सेवा सुविधा तथा करार सम्झौता सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ । सेवा सुविधा, जिम्मेवारी तथा कार्य अवधि देहाय बमोजिम हुनेछ।

| क्र.सं. | विवरण | मासिक (रु) | वार्षिक (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | मासिक तलब | ४८७३७ | ५८४८४४ | |
| २ | चाडपर्व खर्च | | ४८७३७ | |
| ३ | पोषाक भत्ता | | १०००० | |
| | जम्मा रकम | ४८७३७ | ६४३५८१ | |

**११. विविध व्यवस्था**

यस कार्यविधिमा समेटिन नसकेका विषय स्थानीय तहको निर्णयअनुसार कार्यान्वयन गरिनेछ । आवश्यकता अनुसार कार्यविधिमा संशोधन गर्न सकिनेछ । PRP ले पेशागत आचारसंहिता अनिवार्य पालना गर्नुपर्ने छ ।

## १२. बजेट तथा स्रोत व्यवस्थापन

**शैक्षणिक स्रोत व्यक्ति** परिचालनका लागि पालिकाले बजेट विनियोजन गर्ने छ । सोका लागि विकास साझेदार तथा परियोजनासँग सहकार्य गर्न सक्नेछ ।

## १३. परियोजना तथा साझेदारसँग समन्वय

बिभिन्न सरोकारवाला तथा शिक्षा परियोजनासँग सहकार्य गरिनेछ । अनुभव तथा सिकाइ आदानप्रदान गर्ने संयुक्त अनुगमन तथा मूल्याङ्कन मार्फत कार्यक्रमको गुणस्तर सुनिश्चित गरिनेछ ।

## १४. कार्यविधि स्वीकृति प्रक्रिया

शिक्षा शाखाबाट प्रारम्भिक मस्यौदा तयारी, सरोकारवालासँग परामर्श तथा सुझाव संकलन, कार्यपालिका बैठकमा पेश गर्ने, गाउँ कार्यपालिकाबाट स्वीकृति गर्ने , सूचना पाटी तथा वेबसाइटमार्फत प्रकाशन गर्ने र कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने ।

## १५. गाउँपालिकाको भूमिका

गाउँपालिकाले **शैक्षणिक स्रोत व्यक्ति** परिचालनका लागि नीति, बजेट, स्रोत तथा प्रशासनिक सहयोग उपलब्ध गराउनेछ । साथै अनुगमन, मूल्याङ्कन तथा समन्वयको नेतृत्व गर्नेछ । गाउँपालिकाले PRP परिचालनका लागि आवश्यक बजेट/स्रोत को व्यवस्थापन गर्ने र सो का लागि बिभिन्न संघ-संस्था तथा सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

## १६. बाधा, अड्काउ फुकाउ :

कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्चन आएमा गाउँकार्यपालिकाले सो को समाधान गर्नेछ । आवश्यकता अनुसार कार्यविधि परिमार्जन तथा संशोधन गर्ने सम्पूर्ण अधिकार कार्यपालिकामा निहित रहनेछ ।

## १७. संशोधन तथा परिमार्जन

- आवश्यकता अनुसार कार्यविधि परिमार्जन तथा संशोधन गर्ने सम्बन्धी सम्पूर्ण अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ ।
- गाउँपालिकाले आवश्यकता अनुसार यो निर्देशिका अद्यावधिक तथा परिमार्जन गर्नेछ ।
- स्थानीय शिक्षा समितिले आवश्यकता अनुसार यो कार्यविधिसँग सम्बन्धित अनुसूचीहरु तयार गरी कार्यपालिकाको स्वीकृतिमा लागु गर्न सक्ने छ । यस्ता अनुसूचीहरु स्वतः यो कार्यविधिको अङ्ग हुनेछन ।
- यो कार्यविधि आवश्यकतानुसार परिमार्जन र शंशोधन गर्न सम्पूर्ण अधिकार गाउँकार्यपालिकामा रहनेछ ।

## १८. प्रमाणीकरण तथा हस्ताक्षर

यस शैक्षणिक स्रोत व्यक्ति परिचालन सम्बन्धी कार्यविधि सिगास गाउँपालिकाको कार्यपालिकाको मिति २०८२।११। को बैठकको निर्णय नं. बमोजिम स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

गाउँपालिका अध्यक्ष
नामः हरि सिंह धामी
मितिः २०८२।११।

प्रमुख प्रशासकीय अधिकृत
नामः शंकर बहादुर बोहरा
मितिः २०८२।११।

शिक्षा शाखा प्रमुख
नामः रमेश प्रसाद भट्ट
मितिः २०८२।११।

(स्वीकृत)